भक्तपुर जिल्ला अदालत

भक्तपुर

मिति २०७८।१।३० मा प्रकाशित सूचना

सूचना।                    सूचना।।                    सूचना।।।

कोरोना भाइरस (कोभिड- १९) को नयाँ भेरियन्ट विश्वव्यापिरुपमा फैलिइरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि उपत्यकाका तीन वटै स्थानिय प्रशासनले काठमाण्डौ उपत्यकाका तीन वटै जिल्लामा मिति २०७८।१।१६ गते बिहान ६.०० बजे बाट लागू हुने गरी मिति २०७८।१।२९ गते राती १२.०० बजे सम्म निषेधाज्ञाको आदेश जारी गरिएको कारण यस अदालतको कामकारवाहीमा संकुचन गरिएको सूचना मिति २०७८।१।१५ मा प्रकाशित भएकोमा स्थानिय प्रशासनबाट पुनः मिति २०७८।१।३० गतेबाट लागू हुने गरी मिति २०७८।१।१३ सम्म थप १५ दिन निषेधाज्ञाको आदेश जारी भई निषेधाज्ञाको अवधि थप भएको हुँदा सरोकारवालाहरु संग छलफल र परामर्श भई मिति २०७८।१।३० मा भएको निर्णयानुसार मिति २०७८।१।३० बाट लागू हुने गरी थप भएको निषेधाज्ञाको अवधिभर यस अदालतबाट सम्पादन हुने कामकारवाही र सेवा प्रवाहका सम्बन्धमा देहाय बमोजिम गर्ने गरी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

भक्तपुर जिल्ला अदालत
भक्तपुर

## तपसिल

१. निषेधाज्ञाको अवधिभर अर्थात मिति २०७८।१।३० गते देखि २०७८।२।१३ गते सम्म बन्दीप्रत्यक्षीकरणको निवेदन लगायत अभियोगपत्र दर्ता, बयान, थुनछेक आदेश र सो सम्बन्धी सुनुवाई, म्याद थप,पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी समर्थन, CDR को स्वीकृति ,घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता, मुद्दा फिर्ता, डिसमिस, तामेली , मिलापत्र र सजाय निर्धारण सम्बन्धी कामकारवाही हुने। सो बाहेक अन्य कामकारवाही र सेवा स्थगन गर्ने।

२. कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रिने ।

३. यस सम्बन्धी अन्य व्यस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने।

२०७८।१।३०

स्रेस्तेदार(उपसचिव)

स्रेस्तेदार
भक्तपुर जिल्ला अदालत